का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ जेठ २०७९,
मंगलबार
7 June 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २०, अंक १२२ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com



■ कांग्रेसको मध्यमार्गी प्रस्ताव

## वैवाहिक अंगीकृतलाई ‘चौथो नागरिकता’

नागरिकता ऐन संशोधन विधेयकलाई अगाडि बढाउन वैवाहिक अंगीकृत नागरिकता प्राप्तीमा ७ वर्षे प्रावधान राख्ने र नराख्नेबारे दलहरुबीच सहमति जुट्न नसकिरहेका बेला कांग्रेसले मध्यमार्गी प्रस्ताव अगाडि सारेको हो ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २३ जेठ ।

सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसले नागरिकता विधेयकमा रहेको विवाद समाधानका लागि मध्यमार्गी प्रस्ताव अगाडि सारेको छ । सरकारको तर्फबाट र पार्टीको तर्फबाट समेत नागरिकता विधेयकलाई अगाडि बढाउने गरी औपचारिक र अनौपचारिक छलफलमा रहेका गृहमन्त्री वालकृष्ण खाँणले राजनीतिक दलका सचेतक र प्रमुख सचेतकहरुसमक्ष मध्यमार्गी प्रस्ताव राखेका छन्- वैवाहिक अंगीकृतलाई चौथो नागरिकता दिने ।

२३ साउन २०७५ मा संसदमा विधेयक आएर पनि ऐनको रुप लिन नसकेको नागरिकता विधेयकको मुख्य विवादित विषय हो- वैवाहिक अंगीकृत । वैवाहिक अंगीकृतलाई विवाह गरेर आए लगत्तै नागरिकता लिने प्रचलित व्यवस्था बदल्नुपर्ने पक्षमा छन् प्रमुख विपक्षी नेकपा एमाले, सत्तारुढ दल नेकपा माओवादी केन्द्र । यी दुबै दल मिलेर बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले ०७७ असारमा तत्कालिन सचिवालय बैठकबाट बैबाहिक अंगीकृतलाई विवाह गरेर नेपाल आएर निरन्तर बसोबास गरेको ७ बर्षपछि मात्रै नेपाली वैवाहिक अंगीकृत नागरिकता दिने निर्णय गरेका थिए । तत्कालिन नेकपाको सचिवालय बैठकको निर्णय अनुसार प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले नागरिकता विधेयकको प्रतिवेदन पारित गरेका थिए ।

त्यसबेला रुपमा राज्य व्यवस्था समितिले नागरिकता विधेयकको प्रतिवेदन समितिबाट पारित गर्दै गर्दा ७ वर्षे प्रावधानमा कांग्रेस, जसपा, लोसपा र मधेश केन्द्रीत नेताहरुले फरक मत राखेका थिए । – बाँकी पृष्ठ २ मा

## रोकियो मन्त्री फेरबदल



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ जेठ ।

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीले आफ्ना मन्त्रीहरु तत्काल फिर्ता बोलाएर नयाँ मन्त्री पठाउने तयारी गरेपनि केही दिनका लागि भने फेरबदल रोकिने भएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जसपा अध्यक्ष उपेन्द्र यादवबीच बालुवाटारमा छलफल भएपछि मन्त्री हटाउने निर्णय केही समयका लागि स्थगित भएको हो । ‘तत्काल मन्त्री परिवर्तन नगर्ने, अलि पछि गर्ने भन्ने कुरा भएको छ,’ बैठकमा सहभागी जसपा अध्यक्ष उपेन्द्र यादवले भने । संसदमा बजेटबारे मन्त्रालयगत छलफल हुने र त्यहाँ मन्त्रीहरूले जवाफ पनि दिनुपर्ने भएकोले अहिले मन्त्री परिवर्तन नगर्ने सहमति भएको उनको भनाई थियो ।

नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल भने मन्त्री फेरबदलको विषय आफ्नो पार्टीको सार्वभौम कुरा भएको बताएका छन् । ‘कुन व्यक्तिलाई मन्त्री बनाउने या नबनाउने भन्ने कुरा सम्बन्धित पार्टीको सार्वभौम कुरा हो,’ खनालले भने, ‘अरुले गर्ने होइन । हाम्रो पार्टीका तर्फबाट कसलाई मन्त्री बनाउने या नबनाउने भन्ने कुराको निर्णय नेकपा(एकीकृत समाजवादी)ले गर्छ यो धर्तीका अरु कुनै तागतले गर्ने कुरा होइन त्यो ।’ ६ महिनापछि मन्त्री हेरफेर गर्ने निर्णय पहिले नै नभएको भन्दै खनालले त्यसै अनुसार कमिटीबाट निर्णय भएको उनको भनाई थियो ।

तर, स्वास्थ्यमन्त्री विरोध खतिवडाले भने मन्त्री फेर्ने – बाँकी पृष्ठ २ मा

## एक महिनामै खारेज



■ आइतबार बिदा

**मुकुन्द न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ जेठ ।

सरकारले आइतबार सार्वजनिक बिदा दिने आफ्नै निर्णय खारेज गरेको छ । सरकार आफ्नै निर्णयमा एक महिना पनि टिक्न सकेन् ।

आइतबार सार्वजनिक विदा दिने सरकारको निर्णयमा आलोचना भैरहेका बेला सोमबार बसेको मन्त्रिपरिषद बैठकले असार १ देखि आइतबार साप्ताहिक विदा नदिने निर्णय गरेको हो । सरकारको निर्णय अनुसार अब असार १ देखि शनिबार मात्र सार्वजनिक विदा हुनेछ ।

सरकारले गत वैशाख २६ गते बसेको मन्त्रिरिषद बैठकलेपेट्रोलियम पदार्थको खपत कम गर्न भन्दै जेठ १ देखि शनिबार र आइतबार दुई दिन सार्वजनिक विदा दिने निर्णय गरेको थियो । तर, यसलाई सरकारको अपरिपक्कताको संज्ञा कतिपयले दिँदै आएका थिए ।

तर सेवा प्रवाहमा समस्या देखिएको भन्दै सरकारको उक्त निर्णयको आलोचना

## उठ्ने भो काठमाडौंको फोहोर



**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

लामोसमयदेखि नउठेको काठमाडौं महानगरपालिकाको फोहोर आज (मंगलबार)देखि उठ्ने भएको छ । सरकार र फोहोर फाल्ने क्षेत्रका वासिन्दाबीचको सहमति भएसंगै आजदेखि काठमाडौंको फोहोर व्यवस्थापन हुने भएको हो ।

शहरी विकास मन्त्रालय र काठमाडौं महानगरपालिका र स्थानीय वासिन्दाबीच सोमबार सहमति भएको छ । बञ्चरेडाँडाको ल्याडफिल साइटमा उपयुक्त विधिअनुसार फोहोर विसर्जन गर्न दिन नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनिबेसी नगरपालिका सहमत भएपछि काठमाडौं महानगरपालिमामा गत १४ जेठबाट अलपत्र रहेको फोहोरको व्यवस्थापन हुने भएको हो । सहमति अनुसार वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनका आधारमा जग्गाको मूल्यांकन गरी अधिग्रहण प्रक्रिया सुरु गर्नेछ । प्रभावित क्षेत्रमा १० बेडको अस्पताल सञ्चालन गर्न स्वास्थ्य मन्त्रालयलाई अनुरोध गरिनेछ ।

वैदेशिक रोजगार विशेष

## अवधि रहेसम्म मलेसियाको मेडिकल रिपोर्ट काम लाग्ने

### एशोसिएसनद्वारा दर्जन बढी विषयमा महानिर्देशक पौडेलको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ जेठ



वैदेशिक रोजगारीका लागि मलेसिया जान यसअघि गरिएको स्वास्थ परीक्षण रिपोर्ट अवधि रहेसम्म काम लाग्ने भएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा नेपाल स्वास्थ्य व्यवसायी महासंघबीच गत हप्ता भएको सहमतिमा जेठ २२ गते अघि भएका स्वास्थ्य परीक्षण भिसा प्रयोजनका लागि काम प्रयोगमा नआउने उल्लेख भएपछि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन तथा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले सार्वजनिकरूपमा आपत्ति जनाएका थिए ।

सोमबार एशोसिएसनले वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेललाई ज्ञापनपत्र बुझाउने क्रममा महानिर्देशक पौडेलले जेठ २३ गतेदेखि हुने स्वास्थ्य परीक्षण पूर्व स्वीकृतिको लट नम्बर अनुसार हुने र त्यसअघि गरिएका स्वास्थ्य परीक्षण रिपोर्ट परीक्षण गरिएको मितिले रिपोर्टमा उल्लेख गरिएको अवधिसम्म प्रयोगमा आउने निर्णय गरी कार्यान्वयनका लागि वैदेशिक रोजगार कार्यालय ताहाचल पठाएको जानकारी दिएका छन् । संघ संयोजक विमलप्रसाद ढकालले पनि जेठ २२ अगाडिका स्वास्थ्य परीक्षण रिपोर्टको – बाँकी पृष्ठ २ मा

बलात्कार मुद्दा

## हदम्याद बढाउन सरकार तयार !



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ जेठ ।

सरकार बलात्कार मुद्दामा हाल रहेको एक बर्षे प्रावधान बढाउन तयार देखिएको छ । तर, महिला अधिकारकर्मीहरुले हदम्यादा पुरै हटाउन माग गरिरहेका छन् । यो माग पुरा नहुने घुमाउरो जवाफ सोमबार प्रतिनिधिसभामार्फत सरकारले सार्वजनिक रुपमै दिएको छ ।

सोमबार प्रतिनिधिसभामा ‘यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९’ माथि सैद्धान्तिक छलफल थियो । छलफलमा सांसदहरुले वलात्कार मुद्दामा हदम्याद पुरै हटाउनुपर्ने र हदम्याद बढाउनुपर्ने दुई थरी धारणा राखेका थिए । जवाफ दिँदै कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीले प्रचलित कानुनमा रहेको हदम्यादसम्बन्धी व्यवस्था तत्काल हटाउन नसकिने भाव व्यक्त गरे । उनले हदम्याद बढाउन भने सकिने बताएका छन् ।

‘हदम्यादका कारण न्यायबाट वञ्चित हुन नपरोस् भन्ने यहाँहरुको भावनामा सरकार गम्भीर छ । त्यसैले यो बारेमा पब्लिक डिबेट सुरु हुनेवित्तिकै सरकारले सिरिसयली लिएर नेपाल कानुन आयोगलाई यस विषयमा अध्ययन गर्न भनेको छ’ उनले भने ।

कानुन आयोगले सर्वोच्च अदालतले प्रतिपादन – बाँकी पृष्ठ २ मा

### सुदूरपश्चिम प्रदेशसभा

# सरकारको नीति कार्यक्रममाथि छलफल



**सुदूरपश्चिम/मस-** सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशसभामा पेस गरेको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममाथि छलफल शुरु भएको छ ।

छलफलमा भाग लिने सदस्यहरुले प्रस्तुत गरिएको नीति तथा कार्यक्रम अनुसारको बजेट विनियोजन गरेर कार्यान्वयनको पाटोलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । प्रदेश सरकारले आफ्नो उपस्थिति देखिने गरी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, विनियोजन हुने बजेटलाई उत्पादनशील, सन्तुलित र न्यायोचित कसरी बनाउन सकिन्छ भन्नेतर्फ ध्यान दिन जरुरी रहेको उनीहरुले सुझाव दिए । सोमबार छलफलमा तारा लामा तामाङ, भरतबहादुर खड्का र सुशीला बुढाथोकीले भाग लिएका थिए ।

यसअघि मुख्यमन्त्री त्रिलोचन भट्टले टेबुल गरेको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममाथि सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई सभाले सर्वसम्मतिले स्वीकृत गरेको थियो। सुदूरपश्चिमको प्रदेशसभा नियमावली २०७४, प्रथम संशोधन २०७६ सहितलाई संशोधन गर्नका लागि नियमावली संशोधन मस्यौदा समितिमा प्रदेशसभा सदस्य वीरमान चौधरी, तारा लामा तामाङ, अम्बिकुमारी थापा, बलदेव रेग्मी र मालामती रानाथारू सदस्य रहने गरी प्रस्तुत नियमावली संशोधनसम्बन्धी प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ ।

बैठकमा सभामुख अर्जुनबहादुर थापाले नेकपा (एमाले) संसदीय दलका तर्फबाट बलदेव रेग्मी र लोकतान्त्रिक समाजवादी पार्टी संसदीय दलका तर्फबाट कृष्णबहादुर चौधरीलाई प्रदेशसभा, कार्यव्यवस्था परामर्श समिति सदस्यमा मनोनीत गरिएको व्यहोरा सदनलाई जानकारी गराएका थिए ।

बैठकको प्रारम्भमा सभामुखबाट समय लिएर प्रदेशसभा सदस्य हर्कबहादुर कुँवरले पञ्चदेवल विनायक नगरपालिकामा यही २१ गते मृत फेला परेका विनोद शाहको हत्या गरिएको भन्दै उक्त घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न र शान्तिसुरक्षाको व्यवस्था गर्न ध्यानाकर्षण गराएका थिए ।

# नेपाल प्रहरीका पाँच डीआईजी एआईजीमा बढुवा



**काठमाडौं/मस-** सरकारले पाँच जना डीआइजीलाई एआईजीमा बढुवा गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद बैठकले पाँच डीआईजीलाई एआईजीमा बढुवा गर्ने निर्णय गरेको हो ।

सरकारले डीआईजीहरू उत्तम सुवेदी, अरुणकुमार बीसी, दिवेश लोहनी, मुकुन्दराज आचार्य र पूजा सिंहलाई एआईजीमा बढुवा गर्ने निर्णय गरेको हो ।

डीआईजी सुवेदी हाल काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख छन् भने बिसी १ नम्बर प्रदेश प्रहरी कार्यालय र लोहनी गण्डकी प्रदेश प्रहरी कार्यालयको प्रमुख छन् । डीआईजी आचार्य प्रहरी प्रधान कार्यालयस्थित कार्य विभाग, कार्य निर्देशनालयमा कार्यरत छन् भने सिंहले बागमती प्रदेश प्रहरी कार्यालयको प्रमुख छिन् ।

## वैवाहिक...

अहिले कांग्रेस आफैंले राखेको फरक मत अनुसार वैवाहिक अंगीकृतको ७ बर्षे हदम्याद हटाएर नागरिकता विधेयक पास गर्ने तयारी छ । केही गरी ७ वर्षे प्रावधान हटाउन सत्तासहयात्री नेकपा माओवादी केन्द्र तयार भएन भने के गर्ने ? भन्ने विकल्पको खोजीका क्रममा कांग्रेस नेताहरुले ७ वर्षे प्रावधानलाई ५ वर्षमा झार्ने र पाँच बर्ष सम्म राजनीतिक, आर्थिक र प्रशासनिक अधिकार बाहेकका अधिकार प्रयोग गर्न पाउनेगरी चोथो किसिमको नागरिकता प्रदान गर्न सकिने बताएका हुन् ।

एक नेता भन्छन्, 'माओवादी विवादित विषय छाडेर नागरिकता ऐन बनाउन तयार हुन्छ। केही गरी त्यस ढंगले माहोल बनेन् भने पनि हामीसँग विकल्प छ ।'

उनका अनुसार अंगीकृत नागरिकता नपाउँदासम्म राजनीतिक र प्रशासनिक बाहेकका अधिकार पाउने गरी नागरिकता नै दिने । राज्य व्यवस्था समितिले विधेयकको प्रतिवेदनमा नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलालाई ७ वर्ष स्थायी बसोबास गरेपछि मात्र अंगीकृत नागरिकता दिने व्यवस्था राखेको छ । त्यसअघि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार दिने गरी 'स्थायी आवासीय अनुमति पत्र' दिने भनिएको छ ।

आवासीय अनुमतिपत्र नभनेर नागरिकता भन्दा राष्ट्रिय सहमति हुन्छ भने त्यसका लागि तयार हुन सकिनेबारे छलफल भए पनि औपचारिकता भने पाइ नसकेको कांग्रेस नेताहरु बताउँछन् । तर, यसो गर्दा विवाह गरेर आउनेबित्तिकै नागरिकता पाउने प्रावधान हटेको भन्ने सन्देश नजाने बुझाइ नेताहरुको छ । एनआएनएलाई नागरिकता दिँदा नेपालमा विवाह नै गरेर आउनेलाई नदिने भन्न नसकिने कांग्रेस नेताहरुको तर्क छ ।

सरकारले ल्याएको विधेयकमा सुरुमा नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलाले विवाह भएलगत्तै नागरिकता प्राप्त गर्न सक्ने तर, ६ महिनाभित्र विदेशी नागरिकता वा कुनै राष्ट्रिय परिचयपत्र लिएको भए त्यागेको निस्सा पेश गर्नुपर्ने प्रावधान राखिएको थियो । तर, यो विषय प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पुगेपछि फरक ढंगले अगाडि बढ्यो। र वैवाहिक अंगीकृतमै सहमति नजुट्दा नागरिकता विधेयक अड्किएर रहेको छ ।

संघीय संसदको पाँच बर्षे पुरै कार्यकालभित्र नागरिकता विधेयक बनाउन नसकेको आरोपबाट बच्न सरकार नागरिकता विधेयक अगाडि बढाउन चाहन्छ । प्रतिपक्षमा हुँदा नागरिकता विधेयक अगाडि नबढाएको भनेर आलोचना गर्ने सरकारमा गएपछि चुप बस्ने पार्टीगत आरोपबाट बच्न सरकारको नेतृत्वकर्ता दल नागरिकता विधेयक अगाडि बढाउने दवावमा छ । यही दवावका बेला कांग्रेसले मध्यमार्गी प्रस्ताव अगाडि सारेको हो ।

नागरिकता विधेयकमा सहमति जुटाउन राजनीतिक दलहरूसँग परामर्श

आइतबार मात्रै पनि गृहमन्त्री बालकृष्ण खाणले नागरिकता विधेयकबारे छलफल गरेका थिए । महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मी, कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला), सांसद पुष्पा भुसाल, महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डेलगायतको सहभागी छलफलमा गृहमन्त्री खाणले मध्यमार्गी प्रस्तावको प्रभावका विषयमा समेत बृफिङ गरेका थिए ।

गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले दलहरूबीच सहमति जुटाएर प्रतिनिधिसभाको जारी अधिवेशनमा नागरिकता विधेयक प्रस्तुत गर्ने विषयमा छलफल भएको जानकारी दिए ।

प्रतिनिधिसभाको यही अधिवेशनमा नागरिकता विधेयक पेस गर्ने तयारी रहेको र त्यसका लागि तयार भएका बिधिभन्न विकल्पबारे छलफल भएको उनले बताए ।

यसअघि गृहमन्त्री खाण र कानुनमन्त्री शर्माले नागरिकता विधेयकमा सहमति जुटाउन नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग भेटवार्ता गरेका थिए भने गृहमन्त्री खाणले सबै दलका प्रमुख सचेतकहरुसँग समेत पटकपटक छलफल गरिसकेका छन् । मन्त्रीयद्धय खाण र शर्माका अनुसार बजेट पारित भए लगत्तै प्रतिनिधिसभामा नागरिकता विधेयक अगाडि बढाउने सरकारको तयारी छ ।

## रोकियो...

बजारको हल्ला मात्रै भएको बताएका छन् । 'बजेट सेसन चलिरहेको बेला बजेट पेश गरेको सरकार, बजेट पेश गर्ने मन्त्री फेर्ने कुरा विश्वमै नहुने कुरा हो। यहाँ कसरी हुन्छ? बजारको हल्ला बजारमै सकिएन र भन्या। कहीँ नभएको जात्रा हाँडीगाउँमा कसैले गर्छ र भन्या, गर्दैन नि!' उनले भने ।

संसद्मा बजेट अधिवेशन जारी रहेको र मन्त्रालयगत विनियोजित बजेटमाथि छलफल भइरहेको अवस्थामा सत्तारुढ एकीकृत समाजवादीबाट पुराना मन्त्री फिर्ता गर्ने र नयाँ मन्त्रीको नाम सिफारिस गर्ने तयारी भएको छ। सरकारमा एकीकृत समाजवादी समावेश हुँदा समाजवादीको भागमा ४ मन्त्रालय परेको थियो । एकीकृत समाजवादीले बढीमा एक राज्यमन्त्रीसहित ५ जना नेतालाई पठाउन सक्थ्यो । तर ९ जना नेताको मन्त्रीमा आकांक्षा देखिएपछि समाधानका लागि ६-६ महिना मन्त्री परिवर्तनको मोडललाई अघि सारिएको थियो ।

## अवधि...

अवधि र जेठ २३ पछि लट नम्बर अनुसार हुने मध्यान्हलाई बताए । महँगो शुल्क लिएर स्वास्थ्य परीक्षण गर्ने र अनलाइन नगरिनु गम्भीर आपत्तिजनक विषय भन्दै मञ्चले मेडिकल रिपोर्टका अवधि अनलाइन भएको मितिदेखि तीन महिना कायम हुनुपर्ने अडानमा रहेको मंचका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । मलेसियाको रोजगामा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि हाल ८ हजार ६ सय ६४ रूपैयाँ लाग्ने गरेको छ । एशोसिएसन अध्यक्ष कुमुद खनालले करिब ७० हजार जनाका स्वास्थ्य परीक्षण गरिएको र उनीहरूको करोडौं लगानी भएको दाबी गरे । एशोसिएसनले महानिर्देशक पौडेललाई दिएको ज्ञापनपत्रमा करिब ७० हजार मेडिकल गरिसकेका कामदार जसको अनलाइन नगरी मेडिकल एक्साएरी गराइएको कारणले कामदारहरु पुनः मेडिकल गर्न ६ महिनासम्म कुर्नुपर्ने अवस्था सिर्जना गरी रोजगारीका लागि मलेसिया जानबाट बद्नियतपूर्ण तरिकाले बञ्चित गराइएको भन्दै पहिले गरेको सम्पूर्ण मेडिकललाई उक्त मेडिकलको अवधि रहेसम्म मान्यता दिनुपर्ने माग गरेको छ ।

मलेसिया मेडिकलको समस्यासहित एशोसिएसनले महानिर्देशक पौडेललाई मागपत्रमा पनि अदक्ष, अर्धदक्ष, दक्ष र विशेषज्ञ गरी जम्मा ४ तहको मात्र हुने गरी प्रमाणीकरण गर्ने व्यवस्था गर्दा कामदार, रोजगारदाता र दूतावासलाई प्रमाणीकरणमा सहज हुने भएकोले विविध तहको पदमा कामदार र पद अनुसार भिसा नभएको झन्झटिलो प्रक्रियाको अन्त्य गर्नुपर्ने, वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट इजाजतपत्रवाला संस्थाहरू खारेजी हुने हालको व्यवस्थालाई हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधन गर्नुपर्ने, २०७२ असार २१ गतेबाट खाडी र मलेसियासहित सात श्रम गन्तव्य मुलुकमा जाने नेपाली श्रमिकहरुको भिसा तथा टिकटको शुल्क रोजगारदाताले नै व्यहोर्नुपर्ने गरिएको निणर्य सरकारबीच श्रम सम्झौता भएको देशको हकमासमेत प्रभाकारी नभएको अवस्थामा कामदारले पाउने एक महिना तलब बराबरको रकम सेवा शुल्क वापत लिन पाउने र रोजगारदाता कम्पनीले हवाई टिकट उपलब्ध नगराएको खण्डमा कामदार आफैंले टिकट काटी वैदेशिक रोजगारमा जान पाउने व्यवस्था गराउन पहल गर्न पनि आग्रह गरेको छ ।

जवाफमा महानिर्देशक पौडेलले संख्या सयको समस्या समाधानका लागि मन्त्रालयले टिप्पणी उठाइसकेको बताएका छन् ।

त्यसैगरी एशोसिएसनले ट्राभल एजेन्सी लगायत एयरलाइन्सले मनलागी भाडादर कायम गरेकोले अनुगमन गरी नियन्त्रण गर्न, युरोपेली राष्ट्रको भिसा लिन देखिएको जटिलतालाई मध्यनजर गरी उक्त दूतावासहरुसँग समन्वय गरी नेपालबाट नै भिसा पाउने पहल गर्न आग्रह गरेको बताएको छ ।

नेपाल आउने मागपत्र दूतावासबाट प्रमाणीकरण गर्न करिब १५ दिनको अवधि तोकिएकोमा पछिल्लो समयमा महिनौं दिनसम्म पनि मागपत्र दूतावासले होल्ड गर्ने गरेको भन्दै एशोसिएसनले केही दूतावासले मागपत्र प्रमाणीकरणमा अनुचित मोलमोलाइका घृणित कार्य गर्ने गरेकोले यस्ता गतिविधि नियन्त्रण गर्नुपर्ने पनि माग गरेको छ ।

वैदेशिक रोजगार विभागमा कामदारले आफ्नो समूह बनाई वैदेशिक रोजगार व्यवसायीविरुद्ध लिखित या मौखिक उजुरी या जानकारी गराउँदैमा व्यवसायीलाई स्पष्टीकरणको मौका नदिई चिठ्ठी काट्ने, प्रहरी प्रशासनसम्म पुऱ्याउने जस्ता कानून विपरीत काम गरेको दाबी गर्दै अनधिकृत युट्युवरहरुले गुन्डा जम्मा गरी गुण्डागर्दी शैलीमा व्यवसायीको कार्यालयमा भाँडभैलो मच्चाउने, तोडफोड, गाली बेइज्जती र हातपात गर्ने जस्ता कार्य रोक्न विगतमा संचालन भएको 'गुनासो सुनुवाई समितिलाई' सक्रियता प्रदान गर्न माग गरेको छ।

## बलात्कार...

गरेका नजीर, विभिन्न मुलुकको हदम्यादसम्बन्धी प्रावधान र नेपालको सामाजिक परिवेशसमेत हेरेर प्रतिवेदन दिने र त्यस आधारमा मात्र सरकारले पुनर्विचार गर्न सक्ने मन्त्री बन्दीले बताए ।

'त्यो प्रतिवेदन आउनेवित्तिकै त्यसले ल्याएको पक्षमा आवश्यक छलफल कानुनमा आवश्यक सुधार गर्नेछौं' उनले भने ।

कानुन निर्माणका क्रममा धेरै विषयमा ध्यान दिनुपर्ने भन्दै कानुनमन्त्री बन्दीले नेपालमा समाजको आवश्यकताका आधारमा बेला बेला कानुन परिवर्तन हुँदै आएको पनि बताए ।

नेपालमा मुलुकी ऐन २०२० ले बलात्कार मुद्दामा ३५ दिन हदम्याद राखेको र पछि त्यसलाई बढाएर ६ महिना बनाइएको र मुलुकी अपराध संहिता २०७४ मा एक वर्ष राखिएको उनले स्मरण गरे । सपना प्रधान मल्लले दायर गरेको रिटमा सर्वोच्च अदालतले प्रतिपादन गरेको नजिर अनुसार व्यापक छलफल भई चार वर्षअघि मात्र हदम्याद पुनर्विचार गरेको मन्त्री बन्दीले बताए ।

'यसरी कानुन सुधार गर्दा एउटा परिघटनाबाट प्रभावित नभई समग्र कानुन निर्माण गर्ने क्रममा समाजको ती सवालहरुको बारेमा अध्ययन छलफल गरेर कानुन परिमार्जन गर्ने गरिन्छ' उनले भने ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०२/२४**

**पी. एण्ड एस. हाउजिङ्ग डेभलपर्स प्रा.लि.** को सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अकला पि. एण्ड एस. हाउजिङ्ग डेभलपर्स प्रा.लि. (प्रा. लि. नं.: ३६१०१/०६२/०६३)**, कायम गर्ने गरी मिति २०७८/०७/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शुभकामना पोलिक्लिनिक प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६८/०३/०६ मा दर्ता भएको **प्रा.लि. नं. ८४०९९/०६७/०६८** को **शुभकामना पोलिक्लिनिक प्रा.लि.** को संचालकहरुको मिति २०७९/०२/२३ मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**सरोज दाहाल, दामासाही व्यवसायी, इजाजत नं. ३५३, प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे, मोबाइल नं. : ९८५१२११००२**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०२/२४**

यस कार्यालयमा मिति २०६३/०३/०९ मा दर्ता भएको **प्रा.लि.नं. ४००७३** को **सोमबिनी ट्रेड प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०२/२४**

यस कार्यालयमा मिति २०७७/०९/१ मा दर्ता भएको **प्रा.लि.नं. २५१७००** को **गोदामचौर बङ्गुर व्यवसायी सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०२/२४**

यस कार्यालयमा मिति २०७७/०७/०५ मा दर्ता भएको **प्रा.लि.नं. २४६०७५** को **अर्किड डिजाइन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०२/२४**

यस कार्यालयमा मिति २०७५/०९/२७ मा दर्ता भएको **प्रा.लि.नं. २०६४५९** को **ए.एस.एण्ड खड्का कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन काठमाडौं, मिनभवन**
**प्रकाशित मिति २०७९।०२।२४**

सिसडोल वन्चरेडांडा सडकको ल्याण्डफिल्ड साइटमा आकस्मिक मर्मत गरी अविलम्व यातायात सुचारु गर्नु पर्ने अवस्था सृजना भई मिति २०७८।०५।१७ को विभागीय निर्णयानुसार तथा त्रिभुवन राजपथ अन्तर्गत पिपलामोड नागढुंगा सडक खण्डमा वर्षातका कारण सडक र रिटेनिंग वालमा क्षति पुगी यातायात आवागमन समेत अवरुद्ध हुन सक्ने अवस्था सृजना भएको कारण सडकलाई थप क्षति हुन नदिन मिति २०७८।०५।२० को विभागीय निर्णयानुसार विशेष परिस्थितिको अधिनमा रही उल्लेखित सडक खण्डहरु तत्काल मर्मत सुधार गरी यातायात सुचारु गरिएको र उक्त कार्य तपसिल वमोजिम रहेको व्यहोरा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १४५(३) को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सडक खण्ड | कार्य विवरण | निर्माण व्यवसायी | मू.अ.कर सहितको रकम रु. |
|---|---|---|---|---|
| १ | सिसडोल वंचरेडांडा सडक | ग्याविन म्याट्रेस, सववेस कार्य | के.ए.एम. कन्स्ट्रक्सन प्रा.लि. | ९२,०९,३१९.०० |
| २ | सिसडोल वंचरेडांडा सडक | ग्याविन म्याट्रेस, सववेस कार्य | हंस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६८,७०,१३२.१९ |
| ३ | नागढुंगा पिललामोड सडक | ग्यावियन, आर.सि.सि. कार्य | ओमकार विल्डर्स | १०,९७,४०१.०० |

डिभिजन प्रमुख

**कालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बागमति प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७९/०२/२४**

राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार कार्यालयमा प्राप्त भएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल :**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ. कर समेत) |
|---|---|---|---|---|
| १ | KRM/NCB/GW/2078-79/1 | Supply and Installation of Solar Street Light | Deep Light Energy Pvt. Ltd., Kathmandu | रु. १७,८४,०७०।९६ |

**प्रमुख प्रशासकीय अधिकृत**

**कुवेतमा रोजगारको अवसर** | कम्पनी : DHAHIA JUICE
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०९/११ चलानी नं.: ६०१७१२२४ LT. No.: 254631 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरूष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Crew | 1 | 0 | स. काममा दक्ष | 120 | ४८,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ ३१ गते (14 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३५७०४७, ४३६१४९०
Mob.:9804931201, 9815186563, Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

# गुनासो सुन्न कल सेन्टर



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकासँग केही गुनासो भए वा केही सोधपुछ गर्नु छ भने निःशुल्क टेलिफोन नं १६६००१०५५११ मा सम्पर्क गर्न सकिने व्यवस्था गरिएको छ ।

नवनिर्वाचित जनप्रतिनिधिले पदबहाली गरेपछि यही जेठ १६ गते बसेको पहिलो कार्यपालिका बैठकले सात दिनभित्र कल सेन्टर सञ्चालन गर्ने निर्णय गरेको थियो । सोही निर्णयबमोजिम आजदेखि राष्ट्रिय सभागृहमा कल सेन्टर सञ्चालनमा ल्याइएको हो ।

कल सेन्टर (गुनासो व्यवस्थापन तथा सोधपुछ केन्द्र) सूचना प्रविधि विभागका प्रमुख नमराज ढकालले भने, 'सेन्टरको क्षमता एकैपटक १५ वटा टेलिफोन रिसिभ गर्न सकिने खालको छ। कामपाको सेवा प्रवाह, वडा, विभाग, आयोजना तथा एकाइसँग सम्बन्धित सोधपुछ तथा गुनासा, महानगरीय सेवा तथा सुविधा वितरणसँग सम्बन्धित काम तथा महानगरसँग भएका अपेक्षासम्बन्धी गुनासा तथा सोधखोजका लागि यो प्रणाली स्थापना गरिएको हो ।'

कार्यक्रममको उद्घाटन गर्दै कामपा प्रमुख बालेन्द्र साहले उत्तरदायी स्थानीय सरकारका रूपमा स्थापित गर्न नागरिकका गुनासा सुन्ने प्रणाली विकास गरिएको बताए ।

कल सेन्टरमा कसैले टेलिफोन गरेपछि गुनासो वा सोधपुछकर्तासँग कुरा गर्दागर्दै अपरेटरले उनीहरुको फोन नं, फोन गरेको समय, गुनासो वा सोधपुछको विवरण, भौगोलिक नक्साजस्ता आधारभूत विवरण सफ्टवेयरमा भर्छन् । त्यसमा गुनासो वा सोधपुछसँग सम्बन्धित अधिकारीको विवरण पनि भरिन्छ । यो विवरण भरिसकेपछि प्रणालीले स्वचालितरूपमा गुनासो सुनुवाइ गर्ने अधिकारी, प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई एसएमएस र इमेल पठाउँछ ।

इमेलमा गुनासोकर्ताको आवाज, समस्यासँग सम्बन्धित तस्बिर, भौगोलिक नक्सा तथा विवरण समावेश हुने बताइएको छ । सूचना प्रविधि विभागका प्रमुख ढकालका अनुसार अहिले यो प्रणाली कार्यालय समयमा सञ्चालन हुनेछ ।

**शौचालयको संकेत चिह्न सार्वजनिक**

काठमाडौं महानगरपालिकाले सार्वजनिक शौचालय पहिचानका लागि नीलो पृष्ठभूमिको संकेत चिन्न तयार गरेको छ ।

चिन्न तयार भएसँगै कामपाले सार्वजनिक शौचालय सञ्चालनको लागि इच्छा भएका संघ संस्थालाई सम्पर्क गर्न पनि आग्रह गरेको छ। कामपा क्षेत्रभित्रका होटल, रेष्टुरेन्ट, बैंक, व्यापारिक भवन, कम्पनी, फर्म, गैर सरकारी सङ्घसंस्थाका शौचालयलाई सार्वजनिक बनाउन इच्छुकलाई कामपाले सार्वजनिक निजी साझेदारी इकाइमा सम्पर्क राख्न आग्रह गरेको हो ।

कामपासँग सहकार्य भएको संघसंस्थाको शौचालयमा प्रयोगकर्तालाई सहज होस् भन्ने उद्देश्यले सबैमा एकै किसिमको संकेत चिन्न राखिएको कामपाले जानकारी गराएको छ। लोगो रेखाभित्र नीलो पृष्ठभूमि, त्यसको माथिल्लो भागमा नेपाली भाषामा सेतो अक्षरले 'सार्वजनिक शौचालय' लेखिएको छ। बीच भागमा सेतो रङ्मै महिला र पुरुषको चिन्ह रहेको छ । संकेत चिन्हको पुछारमा अंग्रेजी भाषामा 'पब्लिक ट्वाइलेट' लेखिएको छ ।

सर्वसाधारणको सहजताको लागि कामपाको सञ्चालन गर्न लागेको शौचालय पहिलो चरणमा करिब ६० शौचालय प्रयोगमा ल्याउने भएको छ ।

नवनिर्वाचित महानगरप्रमुख बालेन्द्र साहको संयोजकत्वमा अघिल्लो सोमबार बसेको पहिलो कार्यपालिका बैठकको निर्णय अनुसार हाल कामपामा रहेका झण्डै ५८ सार्वजनिक शौचालयलाई मर्मतसम्भार गरी पुनः प्रयोग गर्ने र सहकार्यमार्फत तत्काल ६० शौचालय प्रयोगमा ल्याउन लागिएको हो ।

प्रमुख साहले पहिलो बैठकमै गरेको निर्णय फोहर व्यवस्थापन र भौतिक पूर्वाधार एम्बुलेन्स सञ्चालनसम्बन्धी काम पनि अघि बढेको कामपाको प्रशासन प्रमुख महेश काफ्लेले जानकारी दिए ।

# निःशुल्क स्वास्थ्य शिविरमा ३ सय १० जना लाभान्वित

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, २३ जेठ

दाङको बबई गाउँपालिका-५ मा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

नेपाल औषधि व्यवसायी संघ दाङको आयोजनामा बबई गाउँपालिकाको सहकार्य तथा माता मनकामना पोलिक्लिनक प्रालिको प्राविधिक सहयोगमा भएको शिविर ३ सय भन्दा बढीले स्वास्थ्य परीक्षण गराएका थिए ।

बबईको जनता माध्यमिक विद्यालय बबरपुरमा भएको शिविरमा सुगर, प्रेसर, दम, थाईराईड, हाडजोर्नी तथा नसा रोग, महिला तथा स्त्री रोग, नाक, कान घाँटी लगायतका समस्या भएका ३ सय १० जनाको स्वास्थ्य परीक्षण गरिएको माता मनकामना पोलिक्लिनिक प्रालिका संचालक किशोर गौतमले जानकारी दिए ।

बिरामीमध्ये ६० प्रतिशतमा हाड जोर्नी र नसा रोग सम्बन्धी समस्या देखिएका फिजिसियने डा. प्रकाश सुवेदीले जानकारी दिए ।

शिविरमा डा. सुवेदी, डा. सुमिना जिसी, डा. राहुल उदय, स्टाफ नर्स सीता केसी लगायतका स्वास्थकर्मीहरुले सेवा दिएको प्रालिका संचालक गौतमले बताए ।

नेपाल औषधि व्यवसायी संघ दाङका अध्यक्ष बिष्णुप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा बबई गाउँपालिकाका कार्यपालिका सदस्य नोखी डाँगी, जनता मावि बबरपुरका प्रअ मस्तबहादुर खड्का, संघका पदाधिकारीहरु गिरिराज न्युपाने, राजीमान बुढामगर, सन्तोष अधिकारी, किशोर गौतम औषधि बिक्री प्रतिनिधि डम्बर बिक, औषधि होलसेलका शेषकान्त ढकाल लगायतकाले बलेका थिए ।

## Isma Rural Municipality

### Office of the Rural Municipal Executive

Ismarajasthal, Gulmi

### Invitation for Electronic Bids

**1st Date of Publication: 7th June, 2022 (24th Baisakh, 2079)**

1. Isma Rural Municipality, Isma Rajasthal, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under SQ Goods/Works for S.N. 1,2 and 3. Name and Identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount. (Including Vat) | Bid Document Fee Amount | Bid Security Amount | Pre-Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | OIRM/GUL/ SQ/078/79-19 | Procurement of Laptops, Computers and Printers | NRs. 1800000 | NRs. 1000 | NRs. 54000 | N/A | 23 June 2022 12:00 Noon | 23 June 2022 13:00 |
| 2 | OIRM/GUL/ SQ/078/79-20 | Procurement of Laptops, Desktop Computers, Multifunctional Printers, Projector and Multimedia Speaker | NRs. 1950000 | NRs. 1000 | NRs. 54000 | N/A | | |
| 3 | OIRM/GUL/ SQ/078/79-21 | Procurement and Supply of Laptop, Desktop Computers, Smart Board and Projector for Palukha Ma. Vi. (Isma Rural Municipality) | NRs. 650000 | NRs. 1000 | NRs. 17875 | N/A | | |

| Bank Name | Name of Office | Revenue Account Name & No. | Deposit Acount Name & No. |
|---|---|---|---|
| Bank of Kathmandu Ltd. | Isma Rural Municipality Gulmi | Antarik Rajashwo Khata | Dharauti Khata |
| Isma, Gulmi | Ismarajasthal, Gulmi | 18100000351524 | 18100000054524 |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. Bid Submitted in hard copy shall not be accepted.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

**Chief Administrative Officer**

ZERO COST RECRUITMENT IN KUWAIT!!
कुवेतमा शुन्य लागतको रोजगार !!

Free Visa ! Free Ticket ! Free Orientation ! Free Medical ! (निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क अभिमुखीकरण,निःशुल्क मेडिकलको जाच )

कम्पनी : INTERNATIONAL TRADE HOLDING CO. MOVENPICK HOTEL शहर: KUWIT
पूर्व स्वीकृत मितिः २०७९/०२/२३ चलानी नं.: ६०१८०५११ LT. No.: 264357

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bellman | 10 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४८,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Housekeeping Attendant | 10 | 10 | | 120 | ४८,५७२ | | | | | | | |
| 3. | Kitchen Steward | 10 | 0 | | 100 | ४०,४७७ | | | | | | | |
| 4. | Pool Attendant | 3 | 3 | | 120 | ४८,५७२ | | | | | | | |
| 5. | Receptionist/guest Service Agent | 10 | 10 | | 130 | ५२,६२० | | | | | | | |
| 6. | Spa Therapist | 5 | 15 | | 150 | ६०,७१५ | | | | | | | |
| 7. | Waiter/waitress | 10 | 10 | | 120 | ४८,५७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ ३१ गते (14 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

License No.: 822|066|067
Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Dhapasi Marg-Ward No:03, Basundhara
Tel: 01-4379749, 01-4379162, 01-4379450
Email: applyvnv@gmail.com,visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com
Mobile No. 9851055165/ 9846035174/ 9851044323/ 9843748018/ 98180002688/ 9810264566/ 9818409268.

## Province Government

### Ministry of Health

province-1

## Province Health Logistics Management Center

Biratnagar

### Tender Notice

**Contract Identification :- PHLMC-1/G/NCB-28(Transportation of Super cereal Flour )/2078/2079**

**First Date Of Publication :- 2022-06-07 (2079-02-24)**

1. The **Province Health Logistics Management Center** invites **electronic** bids from eligible bidders for the procurement of **Transportation of Super cereal Flour to Solukhumbu Distric**t under **NCB** procedures specified in public procurement act and regulation
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the **Province Health Logistics Management Center Biratnagar** Tel: 021-442138, Email: rmsbiratnagar@gmail.com , Website:phlmc.p1.gov.np. or You can also visit **www.bolpatra.gov.np/egp.**
3. **Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.**

| | |
|---|---|
| **Name of Bank :-** | Rastriya Banijya Bank, Biratnagar |
| **Name of the Office :-** | Province Health Logistics Management Center |
| **Office Code No :-** | 3500013031 |
| **Office Account No :-** | 1000100201010001 |
| **Revenue Head No :-** | 14229 |

4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Province Health Logistics Management Center,Biratnagar, on or before **12:00 (Noon) on 2022-06-14(2079-02-31)** Bids shall be opened in the presence of Bidders representatives who choose to attend on **2.00 PM on 2022-06-14(2079-02-31)** at office of Province Health Logistics Management Center,Biratnagar.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063. Public Procurement Regulations-2064 and their amendments.
6. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

**Details**

| S. N. | Contract Identification No | Description of Items | Cost of Bidding document (NRs) | Account No. | Amount of Bid security (NRs) | Bid Validity | Minimum Bid Security Date |
|---|---|---|---|---|---|---|---|
| 1. | PHLMC-1/G/NCB-28(Transportation of Super cereal Flour )/2078/2079 | Transportation of Super cereal Flour to Solukhumbu District | 3,000.00 | 2120100202030000 | 1,35,000.00 | 90 Days | 2022-10-12 |

**The Chief PHLMC, Biratnagar**

यूएईमा रोजगारको अवसर | कम्पनी: CITY WAY FACILITIES MANAGEMENT शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०२/२३ चलानी नं.: ६०१८०४९४ L.T. No.: 264365

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Officer | 0 | 1 | स. काममा दक्ष | 1200 | ४०,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Air Conditioning Mechanic | 2 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |
| 3. | Center Air Cooling Machine | 5 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |
| 4. | Center Service | 1 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |
| 5. | Cleaner | 22 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |
| 6. | Electrician | 4 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |
| 7. | Filling Clerk | 2 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |
| 8. | Joiner | 1 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |
| 9. | Light Vehicle Driver | 1 | 0 | | 1500 | ५०,५९५ | | | | | | | |
| 10. | Office Cleaner | 0 | 15 | | 1200 | ४०,४७६ | | | | | | | |
| 11. | Office Clerk | 0 | 2 | | 1200 | ४०,४७६ | | | | | | | |
| 12. | Painter | 1 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |
| 13. | Plumber | 3 | 0 | | 1300 | ४३,८४९ | | | | | | | |
| 14. | Receptionist | 0 | 1 | | 1200 | ४०,४७६ | | | | | | | |
| 15. | Site Supervisor | 1 | 0 | | 2500 | ८४,३२५ | | | | | | | |
| 16. | Storekeeper | 1 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |
| 17. | Tile Layer | 2 | 0 | | 1200 | ४०,४७६ | | | | | | | |

अन्तर्वार्ता सि.पि. होटेल, विर्तामोड, झापामा २०७९ जेठ ३१ देखि असार ४ गते सम्म (14 to 18 June 2022) र मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ५ गते (19 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४
Ishan International Overseas Pvt. Ltd.
New Baneshwor-34, Kathmandu, Tel.: 01-4796201, 4796202, Fax : 01-4796203
Email: isonepalos@gmail.com, Web.: www.ishanintl.com
Contact Person for Birtamod Interview: 1. Prem Niraula: 9802074306 & 2. Nagendra Kafle : 9824925562

मध्यान्ह
www.madhyanhadaily.com
२४ जेठ २०७९, मंगलबार
7 June 2022, Tuesday

## सम्पादकीय

# गम्भीर समस्या हचुवा निर्णय

सरकारले हप्तामा दुई दिन सार्वजनिक विदा दिने निर्णय खारेज गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले शनिबार र आइतबार सार्वजनिक विदा दिने निर्णय खारेज गरेको हो । दुई दिन सार्वजनिक विदा दिने निर्णय प्रभावकारी नदेखिएकाले फेरि एकदिने विदामा फर्कने निर्णय सरकारले गरेको छ । यो निर्णय आगामी १ असारदेखि लागू हुनेछ । यसको अर्थ दुई दिने सार्वजनिक विदाको निर्णय एक महिना पनि टिक्न सकेन । सरकारले मुलुकलाई सम्भावित आर्थिक संकटको असरबाट रोक्न यस्तो निर्णय गरेको थियो । तर कतिपय स्थानीय सरकारले समेत यो निर्णय नमान्ने निर्णय गरे । राजधानीको भक्तपुर नगरपालिकाले नै सरकारको निर्णय मानेन । सरकारी कर्मचारीले विदा लिने, तर खर्च भने नघटाएको टिप्पणी भयो ।

विशेषगरी इन्धन खपतमा कुनै कमी नआएको टिप्पणीसहित सरकारी निर्णयको आलोचना भयो । इन्धन खपत घटाउने उद्देश्यले हप्तामा दुई दिन सार्वजनिक विदा दिने र कार्य घण्टा भने बढाउने निर्णय भएको थियो । एक महिना नपुग्दै निर्णय उल्ट्याउँदा सरकारले हचुवाको भरमा काम गरिरहेको आरोपलाई बल पुगेको छ । जबकी आर्थिक संकटको सम्भावना हल्ला मात्रै होइन । दक्षिण एसियाली मुलुक श्रीलंका गम्भीर आर्थिक संकटमा फसेको छ । तर सम्भावित संकटबाट बच्ने उपाय अन्तर्गत चालिएको पहिलो निर्णयबाटै सरकार पछि हटेको छ । यसले सरकारको विश्वास कमजोर बनाउन बल पुग्छ । त्यसैपनि राजनीतिक नेतृत्व र सरकारप्रति आमनागरिकको विश्वास कमजोर बनिरहेको छ । भर्खरै सम्पन्न स्थानीय तहको चुनावमा गैरदलीय उम्मेद्वारले चुनाव जितेर प्रमाणित गरिसकेका छन् ।

त्यसैले सरकारका हरेक निर्णय परिपक्क तयारी र योजनाका साथ हुन आवश्यक छ । संविधान कार्यान्वयनकर्ताबाटै हचुवाको निर्णय गर्दा आमनागरिकमा दायित्वबोध कम हुन सक्छ । यसले गर्दा लोकतन्त्र र संविधानवादको सिद्धान्त कमजोर हुँदा व्यवस्थाप्रति अनास्था निम्तन सक्छ । जुन आजको आवश्यकता र माग होइन । त्यसै पनि राजनीतिक अस्थिरताको प्रमुख कारण राजनीतिक नेतृत्वको अक्षमता र नेतृत्वको अदुदर्शितालाई मानिने गरेको छ । सरकारका हरेक निर्णयका पछाडि राजनीतिक नेतृत्वको व्यक्तिगत लाभहानीसँग जोडिने गरेको छ । त्यसैले आमनागरिकको साथ चाहिने गम्भीर समस्याबारे निर्णय गर्दा जनविश्वास कायम रहनेगरी गरिनुपर्छ । हचुवा निर्णयले संकट समाधान हुन्न, बरू निम्त्याउँछ ।

# गहुँको अभाव र भारत

*भारतमा यस वर्ष गहुँको उत्पादन पूर्वानुमानभन्दा ५ प्रतिशत कम १११० लाख टन मात्र हुन गयो । त्यसले गर्दा निर्यातमाथि प्रतिबन्ध नलगाउँदा भारतका लागि नै गहुँको माग पूर्ति गर्न कठिनाई उत्पन्न हुने देखियो । तर भारतको यो प्रतिबन्धले गर्दा खाद्य संकटसँग जुधिरहेका गरिब देशहरूलाई भने चिन्ताग्रस्त तुल्याएको छ ।*

अग्रलेख



● लोकनारायण सुबेदी

रुस-यूक्रेन युद्धसँगै विश्व बजारमा गहुँको आपूर्तिमा ठूलो व्यवधान खडा भएको छ । त्यसले गर्दा अभावसँगै मूल्य पनि आकाशिएको छ । हुन त रुस र यूक्रेन दुवै देश विश्वमा धेरै गहुँ उत्पादक देशहरु हुन् । विश्वमा चीन पछि भारत पनि ठूलो गहुँ उत्पादक देशमा पर्दछ । रुस-यूक्रेन युद्ध शुरु भएपछि भारतीय गहुँ निर्यातकहरुका लागि एउटा राम्रो निर्यातको अवसर आयो । तिनले विश्व बजारमा गहुँ निर्यात गर्न थाले । अनि भारतभित्र गहुँको मूल्य अझ बढ्न थाल्यो । यद्यपि भारतमा मूल्यबृद्धि भने पहिलादेखि नै चर्किँदै गएको थियो । त्यसमा पनि गहुँ जस्तो आवश्यक खाद्य पदार्थको मूल्यबृद्धिले गर्दा उत्पादक किसानहरुलाई पनि त्यसको लाभ प्राप्त भएको त थियो तर, आम उपभोक्ताका लागि थेगिनसक्नुको महँगीले चिन्ता बढाएको थियो । यसै परिस्थितिलाई बुझेर भारत सरकारले गहुँको निर्यातमा प्रतिबन्धको घोषणा गऱ्यो । त्यसभन्दा पहिला भारतबाट बाहिर निर्वाधरुपमा गहुँको निर्यात हुँदै गरेको थियो ।



भारतले जहाँ जहाँ खाद्य संकट हुन्थ्यो त्यहाँ त्यहाँ गहुँ पठाउँदै आएको थियो । खाद्य तथा कृषि संगठनले भनेको छ, विश्व बजारमा भारतको गहुँ निर्यात त्यत्तिका ठूलो मात्रामा भइरहेको छैन तरपनि गहुँको बढ्दो मूल्य बृद्धि नियन्त्रणमा भारतको भूमिका अहम् देखिन्छ । भारतले ४० लाख टन गहुँ निर्यात गर्ने कारोबारमा स्वीकृति पनि दिइसकेको थियो । गएको अप्रिलमा ११ लाख टन गहुँ निर्यात पनि गरिसकेको थियो । तर अहिले भारतले आफ्नो आन्तरिक आपूर्तिलाई सहज तुल्याउनका लागि गहुँको निर्यातमा प्रतिबन्ध लगाएको छ । भारतमा गहुँको सरकारी भण्डारण यतिबेला बितेको ५ वर्ष यताकै सबैभन्दा कम स्तरमा रहेको त्यहाँका विज्ञहरु बताउँछन् । भारतमा 'प्रधानमन्त्री अन्न कल्याण योजना' अन्तरगत सरकारले ८० करोड मानिसहरुलाई प्रति साता ५ किलो गहुँ/चामल निःशुल्क दिने गरिन्छ । तर यस वर्ष गहुँको उत्पादन पूर्वानुमान भन्दा ५ प्रतिशत कम १११० लाख टन मात्र हुन गयो । त्यसले गर्दा निर्यातमाथि प्रतिबन्ध नलगाउँदा सरकारका लागि देशमा गहुँको माग पूर्ति गर्न कठिनाई उत्पन्न हुने नै भयो । तर भारतको यो प्रतिबन्धले गर्दा कयौं खाद्य संकटसँग जुधिरहेका देशहरुलाई चिन्ताग्रस्त तुल्याएको छ ।

जी-७ को जर्मनीमा भएको बैठकमा अमेरिकी कृषि सचिवले भारतले गहुँको आपूर्तिमा प्रतिबन्ध लगाएको प्रति विरोध जनाएका थिए । उनले आवश्यक परेका देशहरुलाई सामान पुऱ्याउन भारतले सहयोग गर्नुपर्ने बताएका थिए । उक्त बैठकका बीच विश्वका एक दर्जन देशहरुले भारतसँग गहुँ किन्न अनुरोध पनि गरेका थिए । गहूँ निर्यातमा भारतको प्रतिबन्ध हुँदाहुँदै पनि भारतले पूर्ण प्रतिबन्ध लगाएर गहुँ निर्यात रोक्ने नीति छैन भनिदैछ । यो निर्यात खुकुलो पार्ने कुरा विशेषतः छिमेकी देशहरुको स्थितिलाई ध्यानमा राखेर गरिएको पनि बताइदैछ । ज्ञात होस्, कुनै समय भारत गहुँका लागि अमेरिकाको पूर्णनिर्भर थियो । त्यतिबेला भारतलाई अमेरिकामा गहुँको 'भिखमाग्ने देश' भनेर संज्ञा दिएको थियो । हुन पनि बितेको १९६० को मध्यतिरका वर्षहरुमा भारतले अमेरिकासँग गहुँ मगाउनु परेको थियो । किनकि त्यतिबेला भारतभित्र गहुँको उत्पादन मागको तुलनामा धेरै नै कम थियो र त्यहाँ खाद्य संकट उत्पन्न भइरहेको थियो । त्यसै बेला भारतमाथि पाकिस्तानले हमला गरिदिएको थियो । त्यतिबेला भारतका प्रधानमन्त्री लालबहादुर शास्त्री थिए । अमेरिकाले भारतलाई गहुँ दिन मानिरहेको थिएन । भारतमा निकै ठूलो खाद्य संकट पैदा भएको थियो । शास्त्रीले त्यति बेलै 'जय जवान, जय किसान' भन्ने नारा पनि दिएका थिए र भारतबासीको नाममा एक अपिल पनि गरेका थिए कि हप्तामा एक दिन उपबास राखौं । यसमा पूरा भारत शास्त्रीको आह्वानसँग सहमत थियो ।

*कुनै समय भारत गहुँका लागि अमेरिकासँग पूर्णनिर्भर थियो । त्यतिबेला भारतलाई अमेरिकामा गहुँको 'भिखमाग्ने देश' भनेरसमेत संज्ञा दिइन्थ्यो । हुन पनि सन् १९६० को मध्यतिरका वर्षहरूमा भारतले अमेरिकासँग गहुँ मगाउनु परेको थियो । तर, अहिले रूस-युक्रेन युद्धसँगै भारत विश्वमा गहुँ निर्यात गर्ने देश बन्न थालेको छ । हालै बसेको जी-७ को बैठकमा शक्तिशाली भनिएका देशहरूले नै भारतलाई गहुँ दिन बिन्ति गरेका थिए ।*

पाकिस्तानसँगको युद्धमा पनि भारत विजय भएको थियो । त्यतिबेला भारतको सेनाले पाकिस्तानको लाहोरसम्म कब्जा जमाइसकेको थियो । भनिन्छ, त्यतिबेला भारतको मनशाय पाकिस्तानको भूमि कब्जा गर्नु थिएन । बढ्दो अन्तर्राष्ट्रिय दबाबले गर्दा पाकिस्तानसँग रुसको ताशकन्दमा भारतको वार्ता भयो, त्यतिबेलै लालबहादुर शास्त्रीको त्यहीँ सन्दिग्ध देहाबसान भयो । अनि इन्दिरा गान्धी भारतको प्रधानमन्त्री बनिन् र उनले अमेरिकाको भ्रमण गरिन् । अनि खाद्य संकटलाई टार्नका लागि अमेरिकासँग गहुँको माग गरिन् । अमेरिकाले पूरै एक वर्षका लागि गहुँ दिनको साटो प्रति महिना पब्लिक लोन ४८० अन्तरगत गहुँ आपूर्ति गर्न शुरु गरेको थियो । यसलाई पीएल ४८० सहयोग भन्ने गरिन्थ्यो । भारतका सन्दर्भमा त्यतिबेला अमेरिकी सरकार र सञ्चार माध्यमहरुले जस्तो बयानबाजी चलाएका थिए त्यो अत्यन्तै अशोभनीय र अमर्यादित मानिन्थ्यो । भारतका मानिसहरु संसारको तौर तरिकाबाट बेखबर छन्, केही जान्दैनन्, उनीहरुलाई खेतीपाती गर्न पनि आउँदैन भन्ने बयान मिडियामार्फत गरिन्थ्यो ।

त्यति मात्रै होइन, अमेरिकाको कृषि विभागले त त्यतिबेला आफ्नो एउटा प्रतिवेदनमा 'हिन्दूस्तान भिखारी र निराश्रितहरुको देश' भनेरै लेखेको थियो । यद्यपि भारतका लागि तत्कालीन अमेरिकी राजदूतले भने त्यो कुराको निन्दा र खण्डन गरेका थिए । हुन पनि भारत अन्न र अन्य कृषिजन्य पदार्थ निर्यातमा विश्व बजारमा अहिले पनि त्यस्तो ठूलो खेलाडी होइन । तर बिस्तारै यस दिशामा भारतको पहुँच बढ्न थालेको भने देखिँदै आएको छ । यतिबेला कृषिजन्य पदार्थहरुको विश्व बजारमा भारत २.१ प्रतिशतको सहभागी रहेको छ । सन् २०१८ मा मात्र भारतले पहिलो पटक कृषि निर्यात नीति(एईपी)को घोषणा गरेको थियो । यसको उदेश्य कृषिजन्य पदार्थहरुको निर्यात क्षमतामा तीब्र बृद्धि गर्ने नीति र संस्थागत व्यवस्था गर्नु थियो ।

भारतले क्लस्टर विकास योजनाहरु पनि बनायो, जसमा विभिन्न कृषिजन्य पदार्थहरुका लागि शहर/राज्यहरुलाई छानिएको थियो । जस्तो कि बनारसलाई ताजा सब्जी बजारका लागि, नागपुरलाई सुन्तोलाका लागि, लखनऊलाई आँपका लागि, गुजरातलाई केराका लागि, महाराष्ट्रलाई प्याजका लागि आदि इत्यादि । यो क्लस्टर विकासको नीति निकै राम्रो साबित पनि भयो । कृषि निर्यात बृद्धि पनि भयो । यतिबेला भारतबाट कृषि उत्पादनमा सबैभन्दा बढी बासमति चामलको निर्यात हुने गरेको तथ्यांक छ । यद्यपि भारतीय बासमति चामलको पनि भारतमा निकै ठूलो माग रहेको पाइन्छ ।

अहिले भारतको प्रशोधित खाद्य पदार्थको माग विश्वबजारमा तीब्र गतिले बढिरहेको छ । मकै, बदाम, मेवा, मसलाहरु, फलफूलको जूस आदिको निर्यात पनि भारतबाट निरन्तर बढिरहेको पाइन्छ । यस्ता कृषि र कृषिजन्य पदार्थहरुको भारतबाट माग हुने देशहरुमा साऊदी अरब, इरान, इराक, यमन, यूएई, नेपाल, बंगलादेश, हङ्गकङ्ग, भियतनाम, मलेशिया, इजिप्ट, इण्डोनेशिया लगायत कतिपय अफ्रकी देश रहेका छन् । भारतका किसान अब विश्वको अन्नदाता बन्ने बाटोमा अग्रसर छन् । तर त्यहाँको कृषि र उद्योगमा उत्पन्न भएको र कायम रहेको असमानताले गर्दा यसमा तलमाथि पर्ने कुरा पनि सँगसँगै देखिन्छ । निर्यातमाथि प्रतिबन्ध घोषणा गरेको भएपनि भारतले आपूर्ति पुरै बन्द गर्ने नीति अपनाएको छैन । खासगरी, छिमेकी देशहरुको आवश्यकतालाई ध्यानमा राखेर प्रतिबन्धको यो नियमलाई खुकुलो बनाएको देखिन्छ । रुस-युक्रेनबीचको लडाइँ जारी रहेमा विश्व बजारमा भारतीय खाद्य पदार्थको माग थप उच्च हुने देखिन्छ । जसमा गहुँको विषय प्राथमिकतामा आउने छ ।

## सामाजिक सञ्जाल



- पुरूषोत्तम मुडबरी

इम्बोस्ड नम्बर राखेपछि त्यसबाट उत्सर्जन हुने डिजीटल फ्रिक्वेन्सी रिड गरेर कुन सवारी साधन कहाँ छ भन्ने पत्ता लगाउने इन्फ्रास्टक्चर जडान नगरेको अवस्थामा इम्बोस्ड नम्बर र अहिले हातले लेखेको नम्बर प्लेटको बीचमा केहफिरक छैन । यो एउटा कमिसन डकारेर जनतामाथि थोपरिएको अपराध हो ।



- मुमाराम खनाल

वर्षौ राजनीति गरेर प्रम भइसकेका माधव नेपाललाई मन्त्रीमण्डल गठन/पुनर्गठन गर्ने विशेषाधिकार प्रधानमन्त्रीलाई मात्र हुन्छ भन्ने पनि थाहा रहेनछ । कमसेकम पार्टीले निर्णय गर्नुभन्दा पहिले प्रमको तहबाट औपचारिकता त पुरा गर्नुपर्थ्यो । हुस्सु नेताको हावा ताल !



- पुरूषोत्तम ढुंगेल

